श्री सचिवज्यू,
प्रतिनिधि सभा
संघीय संसद सचिवालय ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७९ बमोजिमको सङ्कल्प पेश गर्न अनुमतिका लागि सूचना दिएको छु ।

**सङ्कल्प**

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गर्ने गिरोह विरुद्ध नेपाल प्रहरीले अनुसन्धान गरिरहेको छ । ठगीको मुद्दाका रूपमा सतहमा आएतापनि यो घटना केवल ठगीमा सिमित रहेको छैन । सङ्गठित अपराध निवारण ऐन २०७० अन्तर्गत सङ्गठित अपराधको दायराभित्र पर्ने देखिन्छ । यसका साथै, नागरिकलाई अर्कै मुलुकको नक्कली शरणार्थी बनाउने कार्य गरि राज्य र नागरिकप्रति घात गर्ने राष्ट्रद्रोही कार्य मुलुकी फौजदारी संहिता २०७४ को भाग २ परिच्छेद १ अन्तर्गतको राज्य विरुद्धको कसुरमा समेत पर्न जान्छ ।

जसरी परिस्थिति विकसित भइरहेको छ, त्यसले यस प्रकरणलाई यतिमा मात्रै पनि सीमित राखेको छैन । कुनै व्यक्तिले आफ्नो निजी हैसियतमा ठगी गरेमा त्यो ठगीसम्बन्धी व्यवस्था मात्र लागू होला । तर यहाँ त बहालवाला सांसददेखि नेपाल सरकारका सचिव र पूर्वमन्त्रीहरूसम्म अनुसन्धानमा तानिएको अवस्था छ, निजहरूले आफू सार्वजनिक पद धारणा गरेका बखत त्यस्तो पदको दुरुपयोग गरेको अभियोग लागेको छ । घुस लिएको, सरकारी प्रतिवेदन, कागजात किर्ते गरेको र नीतिगत निर्णय मार्फत भ्रष्टाचार गरेको समेतका विषयहरू रहेका छन् । यो अत्यन्तै गम्भीर र संवेदनशील विषय हो । आफ्नो सार्वजनिक पदको दुरुपयोग गरेर करदाता नागरिकलाई नै ठगी गर्नु अख्तियारको दुरुपयोग हो, पदीय भ्रष्टाचार हो ।

यस घटनालाई अझै संवेदनशील बनाउने विषय भनेको मानव तस्करी र ओसारपसार समेत हो । अन्तर्राष्ट्रिय स्तरमै जघन्य अपराध मानिने मानव तस्करीको उद्योगमा राज्यको जिम्मेवार पदमा बसेकाहरू नै राष्ट्रसेवककै हैसियतमा संलग्न हुनुले हामीसामु गम्भीर परिस्थिति सिर्जना गराएको छ । तसर्थ यो केवल ठगीको अपराधमा सीमित नरहेर सार्वजनिक महत्त्व र राष्ट्रिय चासोको विषय समेत बनेको छ । यस्तो अवस्थामा अनुसन्धान र अभियोजन प्रक्रियालाई प्रभावकारी र विश्वसनीय बनाउनका लागि सदनमा गम्भीर बहस हुन र सरकारलाई उत्तरदायी बनाउन आवश्यक निर्देशन दिन जरुरी छ । तसर्थ, यस गरिमामय संसदमा विशेष छलफल र सरकारलाई आवश्यक निर्देशन दिनका लागि यो सङ्कल्प प्रस्ताव प्रस्तुत गर्दछौँ ।

**सङ्कल्प गर्नुको कारण र औचित्य**

१. नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाउन गृह मन्त्रालयसमेतका उच्च पदस्थ कर्मचारी र पदाधिकारीहरूले घुस लिएको; सचिव र मन्त्रीको पद दुरुपयोग गरी मन्त्रालयमा भएको संवेदनशील सरकारी कागजात (कार्यदलको प्रतिवेदन) गैरकानूनी तवरले हेरफेर, नष्ट र किर्ते गरेको; राजनीतिक दलका नेता र कर्मचारीहरूले मानव तस्करी(बेचबिखन)को लागि बिचौलियासँग पैसा उठाएको र सयौँ नेपाली नागरिक भूटानी शरणार्थीको रूपमा तेस्रो मुलुकमा तस्करी भैसकेको (पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०८० साल वैशाख २८ गते एक सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्ति समेत) भन्ने सबै सूचना आएकाले यस प्रकरणमा भएका अपराध/कसूरहरू:-

क) भ्रष्टाचार (घुस, सरकारी कागजात किर्ते र नीतिगत भ्रष्टाचार समेत)
ख) सङ्गठित अपराध (मानव तस्करी/ बेचबिखन उद्योग)
ग) राष्ट्रद्रोह (नागरिकलाई अर्कै मुलुकको नक्कली सरणार्थी बनाउने कार्य गरी राज्य र नागरिकप्रति घात/द्रोह)

मा कुनै कसर बाँकी नराखी निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न नेपाल सरकारलाई निर्देशन दिन;

२. सार्वजनिक पदमा रहेका राष्ट्रसेवकले आफ्नो पदको दुरुपयोग गरेर मानव तस्करी र ठगीजस्तो गम्भीर अपराधमा संलग्न भएको अभियोग लाग्दै गर्दा विधिको शासन र कानुनी सर्वोच्चताको सुनिश्चितता गर्न;

३. नागरिक स्तरमा राज्य व्यवस्था र राज्य संरचनाप्रति नै वितृष्णा जगाउने किसिमका भ्रष्टाचारका गतिविधिका विरुद्ध शून्य सहनशीलता अपनाउन सरकारलाई जिम्मेवार बनाउन;

४. राष्ट्रिय चासो र सार्वजनिक महत्वको यस अपराधमा राजनीतिक प्रभाव र दबाबका भरमा अनुसन्धान, प्रमाण सङ्कलन र अभियोजन प्रक्रिया फितलो नहोस् भन्ने सुनिश्चितता सार्वभौम संसदबाटै गर्न ।

**संकल्प गर्नुपर्ने व्यहोरा**

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोह सञ्चालन गरेर र त्यसमा संलग्न रहेर ठगी, सङ्गठित अपराध, राज्य विरुद्धको अपराध, भ्रष्टाचार र मानव तस्करीजन्य अपराधका सम्बन्धमा कुनै दबाब वा प्रभावमा नपरी प्रभावकारी, न्यायपूर्ण र विश्वसनीय अनुसन्धान सञ्चालन गरी संलग्नलाई कानुनको दायरामा ल्याउन नेपाल सरकारलाई निर्देशन दिने ।

**निर्देशन गर्नुपर्ने विषयहरू**

१) अनुसन्धान गर्ने निकायले अनुसन्धानलाई प्रमाणमा आधारित र वस्तुपरक बनाई कोही निर्दोष नफस्ने र दोषी उम्किन नपाउने गरी तोकिएको समयमै किनारा लगाउने; अनुसन्धानको क्रममा सङ्कलित दसी, प्रमाण र साक्षीको बयानलाई विषयको संवेदनशीलताको आधारमा सुरक्षित राख्ने र साक्षीलाई पनि सुरक्षाको व्यवस्था गर्ने। प्रमाण सङ्कलन र अभियोजन प्रक्रिया स्वतन्त्र, स्वच्छ र निष्पक्ष ढङ्गले सञ्चालन गर्न आवश्यक प्रबन्ध गर्ने।

२) प्रहरीले सार्वजनिक पद र अख्तियारको दुरुपयोग गरी गरेका अपराधका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखि पठाउने। अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा यस मुद्दा तामेलीमा नराखिने गरी अनुसन्धानको प्रबन्ध गर्ने।

३) लेनदेनमा प्रत्यक्ष संलग्न नदेखिने तर नीतिगत निर्णय मार्फत शरणार्थी प्रकरणमा जोडिएका राष्ट्रसेवकलाई कानुनी दायरामा ल्याउने। यसमा भएको हुनसक्ने नीतिगत भ्रष्टाचारसमेतको सम्बन्धमा स्वार्थको द्वन्द हुन नपाउने गरी साधिकार निकाय अख्तियार दूरुपयोग अनुसन्धान आयोगले ३ महिनाभित्र विस्तृत अनुसन्धान कार्य सम्पन्न गर्ने।

४) उक्त प्रकरणको अनुसन्धानमा भएको प्रगति र संसदमा उठेका प्रश्नको सम्बन्धमा नेपाल सरकारका गृहमन्त्री र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्बन्धित क्षेत्र हेर्ने आयुक्तले संसदसमक्ष यथार्थ जानकारी गराउने।

५) अनुसन्धानमा सरकारले सम्बन्धित निकायहरूलाई सहजीकरण गर्नुपर्ने तर कुनै पक्षबाट पनि कुनै किसिमको अनुचित राजनीतिक हस्तक्षेप, दबाब र प्रभाव पर्न नदिने प्रबन्ध गर्ने।

६) सङ्गठित अपराध (मानव तस्करी/ बेचबिखन) का प्रतिवादीहरूको सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा अनुसन्धानका लागि लेखी पठाउने।

७) अहिले सम्म कतिजना भुटानी शरणार्थीहरू नेपाल बाहिर गएका छन्, त्यसबारे छानबिन गर्ने।

८) तामेलीमा राखिएका यो अनुसन्धानसँग सम्बन्धित सबै मुद्दाहरु पुनः अनुसन्धानका लागि झिकाउने।

९) अनुसन्धानका क्रममा अन्तर्राष्ट्रिय निकाय, सङ्गठन वा मित्रराष्ट्रसँग उचित सम्पर्क समन्वय गरी आवश्यक कागजात झिकाउने ।

१०) यस अघि भुटानी शरणार्थीबारे अनुसन्धान गर्न तत्कालीन गृहमन्त्री रामबहादुर थापा (बादल)को कार्यकालमा बनाएको कार्यदल र अख्तियार अनुसन्धान आयोगले पहिले तामेलीमा राख्ने  निर्णयमा संलग्न पदाधिकारी माथि अनुसन्धान गर्ने।

**सम्बन्धित मन्त्रालय:** गृह मन्त्रालय

हस्ताक्षरः
नाम, थरः सुमना श्रेष्ठ
क्रम सङ्ख्याः
मितिः